जि.प्र.का.,काठमाडौं दर्ता नं. ५९६

प्रेस सेन्टर नेपाल
Press Centre Nepal

# शोक बक्तब्य

हाम्रो गौरवशाली संगठन प्रेस सेन्टर नेपालका क्रियाशील सदस्य प्रेम स्याङतान (रोशी गापा काभ्रे) को दुबै मिर्गौला फेल भई उपचाररत रहेको अवस्थामा मिति २०८० फागुन २ गते विहान असामयिक निधन भएको खबरले हामीलाई स्तब्ध बनाएको छ ।

विगतमा कतारमा रहेर पत्रकारिता गर्नुभएका स्याङतानले नेपालमा आएर राजधानी दैनिक लगायतमा जोडिएर पत्रकारिता गर्नुभएको थियो । उहाँ नेपाल पत्रकार महासंघको काठमाडौं शाखामा सदस्य पनि रहनुभएको थियो । उहाँ गत वर्षदेखि अचानक दुबै मिर्गौला खराब भई उपचारको क्रममा नेपाल पत्रकार महासंघको आवासगृहमा बसेर डाइलासिस लगायतको  उपचाररत रहेको अवस्थामा काठमाडौं मेडिकल कलेजमा उहाँको असामयिक निधन भएको हो । उहाँको श्रीमती र दुई छोरी रहनुभएको छ । जनपक्षिय पत्रकारिताको पक्षमा क्रियाशील स्याङतानको उपचार र थप सहयोगका लागि सरकारसँगसमेत पहल भइरहेको अवस्थामा भएको उहाँको निधनले हामीलाई थप दुखीत तुल्याएको छ ।

उहाँको निधनले  प्रेस सेन्टर नेपाल र जनपक्षीय पत्रकारिताको क्षेत्रमा अपुरणिय क्षति पुगेको छ । यस दुःखद घडीमा क्रान्तिकारी पत्रकार प्रेम स्याङतानप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा गहिरो  समवेदना ब्यक्त गर्दछौं ।

मिति : २०८० फागुन २

सन्तोष पौडेल
महासचिव
प्रेस सेन्टर नेपाल